नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. डा. विक्रम तिमिल्सिना
सञ्चार तथा सूचना प्रविधि मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

# शुभकामना सन्देश

## राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८३

"सूचना प्रविधिको विस्तार: दिगो विकासको आधार" भन्ने मूल नाराका साथ आज मनाइँदै गरेको नवौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८३ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू, सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा क्रियाशील उद्यमी, नवप्रवर्तक, प्राविधिक जनशक्ति, स्टार्टअप समुदाय, निजी क्षेत्र, अनुसन्धानकर्ता, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

आजको युग डिजिटल रूपान्तरणको युग हो। सुशासन, सेवा प्रवाह, आर्थिक विकास, उद्यमशीलता तथा नागरिक सशक्तीकरणका लागि सूचना प्रविधि अब विकल्प नभई आधारभूत आवश्यकता बनेको छ। नेपाल सरकार डिजिटल नेपाल निर्माणको लक्ष्यलाई व्यवहारमा उतार्दै सार्वजनिक सेवा प्रणालीलाई थप सरल, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउने दिशामा अघि बढिरहेको छ।

यसै सन्दर्भमा मन्त्रालयले आगामी दशक-लक्षित दीर्घकालीन सूचना प्रविधि रणनीति निर्माण तथा डिजिटल सार्वजनिक पूर्वाधार (Digital Public Infrastructure) को विकासलाई उच्च प्राथमिकतामा राखेको छ। नागरिक एपलाई थप सुदृढ र प्रभावकारी बनाउँदै नागरिकले राज्यका अत्यावश्यक सेवाहरू एउटै डिजिटल प्लेटफर्ममार्फत सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था विस्तार गरिँदैछ।

नेपाललाई डिजिटल नवप्रवर्तन, सूचना प्रविधि सेवा, डेटा अर्थतन्त्र तथा आर्टिफिसियल इन्टेलिजेन्स (AI) को क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित राष्ट्रिय एआई नीति, राष्ट्रिय साइबर सुरक्षा नीति तथा सूचना प्रविधिसम्बन्धी कानुनी तथा संस्थागत संरचनाको सुधारलाई मन्त्रालयले तीव्रता दिएको छ। सुरक्षित, विश्वसनीय, समावेशी तथा दिगो डिजिटल इकोसिस्टम निर्माण सरकारको प्रमुख प्राथमिकता हो।

देशभर उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट विस्तार, सरकारी डेटा सेन्टर तथा डिजास्टर रिकभरी प्रणालीको सुदृढीकरण, डिजिटल साक्षरता अभिवृद्धि, तथा दक्ष सूचना प्रविधि जनशक्ति उत्पादनमार्फत डिजिटल विभाजन न्यूनीकरण गर्दै डिजिटल समावेशिता सुनिश्चित गर्ने दिशामा सरकार प्रतिबद्ध छ। साथै सूचना प्रविधि क्षेत्रलाई रोजगारी सिर्जना, युवा प्रतिभा प्रवर्द्धन, स्टार्टअप विकास तथा राष्ट्रिय अर्थतन्त्रको नयाँ वृद्धि इन्जिनका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ।

डिजिटल रूपान्तरण सरकार मात्रको प्रयासले सम्भव हुँदैन। यस अभियानमा निजी क्षेत्र, प्राज्ञिक संस्था, विकास साझेदार, सञ्चारमाध्यम, प्रविधि समुदाय तथा सम्पूर्ण नागरिकहरूको सक्रिय सहकार्य अपरिहार्य छ। समृद्ध, आधुनिक र डिजिटल नेपाल निर्माणको साझा यात्रामा सबैलाई हातेमालो गर्न हार्दिक आह्वान गर्दछु। धन्यवाद।

फोन नं. : ९७७-४२११५५५, ४२११६४०, ४२११७०१ (कार्यालय), फ्याक्स नं. : ९७७-१-४२११६००
ईमेल: bikram.timilsina@mocit.gov.np मोबाइल नं. : ९७७-९८५१४१०१०१, वेब साइट: www.mocit.gov.np